# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्राविधिक, एयर ट्राफिक सर्भिसेस, दशौं, उपनिर्देशक पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०८।१९

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय: व्यवस्थापन तथा कानून

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क"

५० अङ्क

१. सार्वजनिक नीतिको अर्थ र महत्व उल्लेख गर्नुहोस् । नेपालको सार्वजनिक नीति निर्माणमा कस्तो अभ्यास भएको छ? नीतिको व्यवहारगत एवं स्वरूपगत कार्यान्वयनको लागि नीति निर्माणमा के सुधार गर्नुपर्ला? उल्लेख गर्नुहोस् । १०

२. व्यवस्थापन सूचना प्रणाली (Management Information System) संगठनको व्यवस्थापकीय कार्यमा किन आवश्यक हुन्छ? चर्चा गर्दै नेपालमा यस प्रणालीको प्रयोगको वर्तमान अवस्थाको समीक्षा गर्नुहोस् । ५+५=१०

३. नेपालको राष्ट्रिय ध्वजावाहक वायुसेवा निगम विभिन्न समस्या र चुनौतीबाट गुज्रिरहेको छ । यस्तो अवस्थामा नेपाल वायुसेवा निगमलाई सार्वजनिक निजी साझेदारी (PPP) माध्यमबाट निजीकरण वा व्यवस्थापन करार (Management Contract) मा सञ्चालन गर्दा फाइदा/बेफाइदा के हुन्छ? व्यवस्थापनका उक्त अवधारणाबारे संक्षिप्त जानकारीसहित विश्लेषणात्मक उत्तर दिनुहोस् । ५+५=१०

४. अत्यावश्यक, सार्वजनिक र एकाधिकार रहेका वस्तु तथा सेवाको उत्पादन, वितरण र व्यवस्थापन गर्न सार्वजनिक संस्थान स्थापना गरिएको हुन्छ । निजी क्षेत्रको न्यून उपस्थिति वा लगानी भएको क्षेत्रमा अग्रणी एवम् उदाहरणीय भूमिका प्रदर्शन गर्न, राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको उपयोग र संरक्षण गर्न, रणनीतिक महत्वका क्षेत्रमा राज्यको उपस्थिति सुदृढ तुल्याउनसमेत सार्वजनिक संस्थानहरूको आवश्यकता हुन्छ । यही सिलसिलामा नेपालमा स्थापना भएका सार्वजनिक संस्थानहरूमध्ये कतिपय संस्थान निजीकरण गरिएका छन्, कतिपय धरासायी भइसकेका छन् भने, अधिकांश संस्थानहरूको व्यावसायिकता र प्रतिस्पर्धात्मक क्षमतामा न्यूनता रहेको देखिन्छ । नेपालका सार्वजनिक संस्थानहरूको सञ्चालन र व्यवस्थापनमा विभिन्न चुनौती रहेको भएता पनि अवसर नभएको पनि होइन । यस पृष्ठभूमिमा नेपालका सार्वजनिक संस्थानहरूको व्यवस्थापन तथा सञ्चालनमा रहेका प्रमुख समस्या तथा चुनौतीहरूको विश्लेषण गर्दै सार्वजनिक संस्थानहरूको व्यवस्थापन तथा सञ्चालनमा के-कस्ता अवसर रहेका छन्? उल्लेख गर्नुहोस् । विश्लेषण गरिएका समस्या तथा चुनौतीहरूको समाधानका लागि अवसरका आधारमा रणनीतिक उपायहरू प्रस्तुत गर्दै सोको कार्यान्वयन कार्ययोजनाको खाकासमेत प्रस्तुत गर्नुहोस् । ६+४+६+४=२०

## खण्ड "ख" ५० अङ्क

५. प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गरी मूलुकमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले गरेका मूलभूत व्यवस्थाको विश्लेषण गर्नुहोस् । १०

६. अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO), अन्तर्राष्ट्रिय हवाई यातायात संघ (IATA) सँग नेपाल नागरिक उड्डयन प्राधिकरणको कार्यात्मक अन्तरसम्बन्ध (Functional Co-relation) बारे प्रकाश पार्दै नागरिक उड्डयन सुरक्षाको प्रभावकारिता बढाउने उपायहरू प्रस्तुत गर्नुहोस् । १०

७. पर्यटन नीति र हवाई नीतिबीच तादात्म्यता हुनुपर्दछ । हवाई नीति, २०६३ लाई पर्यटन नीति, २०६५ अनुसार तादात्म्यता कायम गर्न हवाई नीति, २०६३ मा के-कस्तो परिमार्जन गर्नुपर्ने ठान्नु हुन्छ? वर्तमान व्यवस्थाको चर्चा गर्दै विवेचना गर्नुहोस् । १०

८. नेपालमा यातायातबाट बञ्चित क्षेत्रका जनताका लागि न्यूनतम आधारभूत आवश्यकताहरू खाद्यान्न, औषधी जस्ता वस्तुहरूको ओसारपसार र आवागमनको निम्ति हवाई यातायातको महत्व छ । एक स्थानबाट अर्को स्थानमा छिटो पहुँच हुने, खोज तथा उद्धार, दैवी विपत्ति एवं व्यापारिक प्रयोजनका साथै यात्राहरूको श्रृंखलामा हवाईयात्रा सुरक्षित, आरामदायी, छिटो भएबाट यसको महत्व अझ बढी भएको देखिन्छ । प्राकृतिक सौन्दर्य, पुरातात्विक महत्व, जैविक विविधता, अनुपम दृश्यावलोकन, साहसिक पर्यटन क्षेत्रको विकास मार्फत राष्ट्रिय अर्थतन्त्र अभिवृद्धि गर्न समेत यसको विशेष भूमिका रहन्छ । यस पृष्ठभूमिमा नेपालको हवाई यातायातको विकासक्रमको संक्षिप्त जानकारी गराउँदै यस क्षेत्रमा विद्यमान चुनौतीहरूको विवेचना गर्नुहोस् । नेपालका प्रायः सबै जिल्लामा सडक सञ्जालको समेत पहुँच भएको सन्दर्भमा हवाई यातायातको औचित्य पुष्टि गर्दै यस क्षेत्रमा विद्यमान चुनौतीहरूको निराकरण गर्न नेपालमा आगामी दिनमा के-कस्ता उपायहरूको अवलम्बन गर्न आवश्यक छ? सुझावसमेत प्रस्तुत गर्नुहोस् । ६+४+४+६=२०

:: समाप्त ::